# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७६।०५।२९ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको ।

मालपोत कार्यालय बुटवलका खरिदार जिवनाथ पाण्डे र लेखापढी व्यवसायी कमल प्रसाद पाण्डेले जग्गा नामसारी र लालपूर्जा दिने कार्यको सहजीकरणका लागि सेवाग्राहीसँग विभिन्न बहाना बनाई घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय, बुटवलबाट खटिई गएको टोलीले निजहरू खरिदार जिवनाथ पाण्डे र लेखापढी व्यवसायी कमल प्रसाद पाण्डेलाई सेवाग्राहीसँग रु.१,२०,०००।–( एक लाख बीस हजार) घुस वापतको रकम लिइसकेको अवस्थामा उक्त घुस रकम सहित नियन्त्रणमा लिएको थियो ।

ढकाल पाण्डे लेखापढी सेवाका निज लेखापढी व्यवसायी कमल प्रसाद पाण्डेले मालपोत कार्यालय बुटवलका खरिदार जिवनाथ पाण्डेको मिलेमतोमा सेवाग्राहीको नाममा दर्ता भएको जग्गा नामसारी गरिदिने प्रयोजनार्थ रु.१,२०,०००।–( एक लाख बीस हजार) घुस/रिसवत माग गरी लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) को कसुर गरेको स-प्रमाण पुष्टि हुन आएकोले निजलाई बिगो रु.१,२०,०००।–( एक लाख बीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) मा उल्लेख भएबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम जरिवाना र कैद सजायको मागदावी लिइएको ।

साथै मालपोत कार्यालय बुटवलका खरिदार जिवनाथ पाण्डेले लेखापढी व्यवसायी कमल प्रसाद पाण्डे मार्फत सेवाग्राहीबाट रु.१,२०,०००।–( एक लाख बीस हजार) लिन लगाएको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको स-प्रमाण पुष्टि हुन आएकोले निज खरिदार जिवनाथ पाण्डेलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

**(प्रदीपकुमार कोइराला)**

**प्रवक्ता**